"समृद्ध आमचोक गाउँपालिका: सुखी र सुसंस्कृत आमचोकवासी"

# आमचोक गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

वालंखा, भोजपुर

प.स :२०७८/०७९
सूचना.नं : ३५

प्रदेश नं. १

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्वन्धी सूचना

(पहिलो पटक प्रकाशित मितिः २०७८।१०।१८)

यस आमचोक गाउँपालिकाको रोजगार सेवा केन्द्रका लागि तपशिल अनुसारको कर्मचारी सेवा करार गरि राख्नुपर्ने भएकोले आवश्यक योग्यता पुगेका नेपाली नागरिकबाट सूचना प्रकाशनको मितिले १५(पन्ध्र) दिन भित्र आमचोक गाउँपालिकाको कार्यालयमा स्वयं उपस्थित भई वा कार्यालयको इमेल ठेगाना info@aamchowkmun.gov.np वा ito.aamchowkmun@gmail.com मा आवश्यक कागजात र दरखास्त दस्तुर तिरेको रसिद/भौचर सहित आवेदन दिनुहुन अनुरोध छ ।

**तपशिल**

| विज्ञापन नं | पद | तह/सेवा/समुह | माग संख्या |
|---|---|---|---|
| ०९/२०७८/०७९ | प्राविधिक सहायक | सहायक स्तर पाँचौ | १ जना |

१. **आवश्यक न्युनतम योग्यता र अनुभवः-**

(क) सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तिर्ण भएको।

(ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः-

- कम्तीमा ३ महिना तालिम लिई आधारभुत कम्प्यूटर सीप भएको,
- पूर्बाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलिमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धि सिप सहित कम्तिमा ६ महिनाको अनुभव भएको।

२. **सेवाको किसिमः-** करार सेवा ।

३. **उम्मेदवारको उमेरको हदः-** दराखस्तको अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

४. **दरखास्त दिने स्थानः-** आमचोक गाउँकार्यपालिकाको कार्यालय, वालंखा भोजपुर वा कार्यालयको वेव-साईट www.aamchowkmun.gov.np बाट दरखास्त फारम डाउनलोड गरी उक्त फारम भरी कार्यालयको ईमेल ito.aamchowkmun@gmail.com मा पठाउन सकिनेछ ।

प्रमुख प्रशासकीय अ

आमचोक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय वालंखा, भोजपुर १ नं प्रदेश नेपाल

५. **आवेदन दस्तुर:-** ५००/- (पाँच सय) मात्र।

६. **छनौटको किसिम:-** प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन, लिखित परिक्षा र अन्तर्वार्ता ।

७. **आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु:-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकताको प्रलितिपि, न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, अनुभव खुल्ने कागजात र २ प्रति पासपोर्ट आकारको फोटो।

८. शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरुका सम्बन्धमा दरखास्त बुझाउने अन्तिम मिति सम्म जारी भएकोलाई मात्र मान्यता दिईनेछ ।

९. **परीक्षा संचालन हुने मिति समय र स्थान:-** दरखास्त फारम भर्ने अन्तिम म्याद पछि पालिकाको सूचना पाटी, फेसवुक पेज र वेवसाईट मा राखिने छ ।

१०. **सेवा सुविधा:-** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रिया को दफा (११), (१२) र (१३) वमोजिम हुनेछ।

११. **आवेदन दस्तुर बुझाउने प्रकृया:-** आन्तरिक राजश्व खाता आमचोक गाउँपालिकाको नाममा सिद्धार्थ बैंक लिमिटेड वालंखा, भोजपुर शाखामा रहेको खाता नं ०२६१५३९१७५१ मा बुझाई बैंक भौचर पेश गर्नु पर्नेछ ।

१२. म्याद नाघी आएको तथा रित पुर्वक नआएको दरखास्त उपर कुनै कारवाही हुनेछैन । आवेदन स्वीकृत/अस्वीकृत गर्ने अधिकार पालिकालाई हुनेछ । दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोपछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र दरखास्त पेश गर्नुपर्नेछ ।

१३. दरखास्त फारम भर्दा आउने अस्पष्टताको सम्बन्धमा यसपालिकाको कार्यालयको टेलिफोन नं ९८५२०८१३३६ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

(नोट: ईमेल बाट दरखास्त फारम बुझाउने आवेदकले दरखास्त फारम, बैंक भौचर लगायत सम्पूर्ण कागजात स्क्यान गरी ईमेल मा पठाउनु पर्नेछ ।)

१०/१८

धन कुमार राई

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत